आज मिति २०७५/६/२० गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमबहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री रमना दमाई, का.वा.वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव
श्री कुलबहादुर खड्का, प्रशासन, योजना तथा अनुगमन शाखा (सहयोगी)
श्री वीरेन्द्र [illegible] शाही, प्राविधिक शाखा

Scanned by CamScanner

**प्रस्ताव नं १ : नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट आदी) उत्खनन, संकलन र निकासी कार्य कार्यालयबाट अमानतमा गर्ने सम्बन्धमा ।**

**निर्णय नं १ :** उल्लेखित प्रस्ताव सम्बन्धमा व्यापक छलफल गर्दा उपरोक्त कार्य कानुनी जटिलताले गर्दा कर्णाली प्रदेश सरकार सुर्खेतले जारी गरेको सो कार्यसँग सम्बन्धित कार्यविधिको दफा नं. ६(५) मा व्यवस्था भएको समयावधिभन्दा एक महिना ढिलो गरी संघीय सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भएवमोजिम ठेक्का वन्दोवस्तीको सूचना आह्वान भईसकेको अवस्थामा सो कार्यको सम्झौता नहुँदासम्मको अवधिमा हुने नदीजन्य पदार्थहरु अभावको समस्या समाधान तथा सो कार्यसँग सम्बन्धित व्यवसायी, मजदुर आदीहरु : रोजगारीको व्यवस्था गर्नका लागि न.पा. कार्यालयलाई चौतर्फि दवाब सिर्जना हुन आएकाले उपर्युक्त समस्या समाधान गर्नका लागि यस नगरपालिका कार्यालयबाट अमानतमा कार्य संचालन गर्ने र यसरी जम्मा भएको राजस्व सारभूत रुपमा प्रभावग्राही भई छनौट हुने बोलपत्रदाताले भ्याट वाहेक कवोल गरेको अंकमा घटाएर बाँकी हुने अंकलाई कवोल अंक कायम गरी ठेक्का बन्दोबस्तीको सम्झौता हुने गरी हाललाई तपसिलको दर, अवधि, समय र शर्तहरुमा नदीजन्य पदार्थहरु उत्खनन, संकलन र निकासी कार्य गर्ने अनुमति दिने सर्वसहमत निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. औषत दर (भ्याट बाहेक)

| | |
|---|---|
| क) ट्रक/टिप्पर प्रतिटिप | रु ५६५ |
| ख) ट्याक्टरको प्रतिटिप | रु १८० |
| ग) पावर टेलर प्रतिटिप | रु ४० |

२.अवधिः

मिति : २०७५/६/२२ देखि २०७५/७/२० सम्म

समय : विहान ७ बजे देखि साँझ ६ बजेसम्म

**३.शर्तहरु :**

१) छिन्चु खोला अन्तर्गत मसिना जाने सिचाई कुलो बाँधको ५००(पाँचसय) मिटर तलदेखि सत्तरी छिन्चुखोला भेरी दोभानसम्मको खण्डमा जि.स.स.सुर्खेतबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनले तोकेको स्थानहरुवाट मात्र उत्खनन् तथा संकलन गर्नु पर्नेछ ।

२) संकलन केन्द्र रहने स्थान : तपशिलमा तोकिएका स्थानमा अनिवार्यरुपले राजस्व बुझाई ओसारपसार गर्नु पर्नेछ

क) भेरीगंगा-२ सत्तरी आसपास क्षेत्र

ख) भेरीगंगा-१२ रत्नराजमार्गबाट समझीघाट जोड्ने बाटो आसपास क्षेत्र

३) उत्खनन् तथा संकलन गरेको नदिजन्य पर्दाथ घाटगद्दि/भण्डारण गर्न पाइने छैन ।

४) उत्खनन् तथा संकलन कार्यमा हेभी इक्युपमेन्ट (डोजर, लोडर, एक्साभेटर आदि) प्रयोग गर्न पाइने छैन ।

५) पानी चुहिने नदिजन्य पदार्थहरु बोकेर ढुवानीका साधनहरु पक्की सडकमा गुडाउन तथा पार्किङ गर्न पाइने छैन ।

६) ढुवानी साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्युन बील काटी ढुवानी साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन ।

७) पक्की एवं झोलुङ्गे पुल, कल्भर्ट, कजवे, राजमार्ग, वाटो, बाँध, हाइटेन्सन लाइन, निकुञ्ज, आरक्ष तथा धार्मिक, शैक्षिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थानवाट दुवैतर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन गर्न पाइनेछैन ।

८)कार्यालयबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन र नगरपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

Scanned by CamScanner

**प्रस्ताव नं. २ : सामाजिक परिचालकको निरन्तरता सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकामा साविकमा कार्यरत रहेका ४ वटा सामाजिक परिचालकहरुलाई कात्तिक १ गतेदेखि लागू हुने गरी २०७५ पौष मसान्तसम्मका लागि साविक बमोजिमको सेवा दिने गरी निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : सरसफाईकर्मीको म्याद थप सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिका र वडा कार्यालयमा कार्यरत ज्यालादारीका सरसफाईकर्मीहरुको म्याद थप साविक बमोजिमकै सेवा सुविधा दिने गरी साविकमै गरिएको सम्झौताअनुसार निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : इलाका प्रहरी कार्यालय छिन्चुको प्रतिक्षालय रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिकामा रहेको एक मात्र इलाका प्रहरी कार्यालय छिन्चुको प्रतिक्षालय निर्माणका लागि रु एक लाख दश हजार रुपैयाँ आकस्मीक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : झो.पु. को स्टील पार्टस फेब्रिकेटर तथा सप्लायर्ससँग सम्झौता प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।**

निर्णय नं. ५ : उल्लेखित प्रस्तावका सम्बन्धमा नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्द ज्यूले मिति २०७५/७/१४ गतेका दिनमा प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद खरेल ज्यूलाई गर्नु भएको पत्र अनुसार झो.पु. को स्टील पार्टस फेब्रिकेटर तथा सप्लायर्ससँग सम्झौता प्रक्रिया अगाडी बढाउने अनुमतिको अनुमोदन गर्ने र उक्त कार्यमा अपुग रकम अगामी कार्यपालिका बैठकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner